१२७ औं कार्यपालिका बैठकका निर्णयहरू:

मिति : २०७९/०३/०८ गते

निर्णय नं. १: १२६ औं कार्यपालिका बैठकका निर्णयहरू कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

निर्णय नं. २: आ. व. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन एघारौं नगर सभामा पेश गर्ने।

निर्णय नं. ३: चालु आ. व. २०७८/०७९ मा विनियोजित शिर्षकहरू मध्ये बचत हुने शिर्षकहरूबाट अपुग हुने शीर्षकहरूमा रकमान्तर गर्न एघारौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ४: आ. व. २०७८/०७९ मा यस नगरपालिका अन्तरगत रहेका न्यायिक समिति, शाखा, इकाई, सेवा केन्द्र तथा साझेदार संस्थाहरूले यस कार्यालयमा पेश गरेको बार्षिक प्रतिवेदन नगर सभामा पेश गर्ने।

निर्णय नं. ५: विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन ऐन, २०७५ मा विधायन समितिबाट प्राप्त संसोधन प्रस्ताव स्वीकृतीका लागि एघारौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ६: यस नगरपालिकामा विगत देखि ज्यालदारी एवं करारमा कार्यरत कर्मचारीहरूलाई आगामी आ. व. २०७९/०८० मा म्याद थप गरि काम काजमा लगाउन आवश्यक देखिएकोले म्याद थपको लागि एघारौं नगर सभामा पेश गर्ने।

निर्णय नं. ७: नगर प्रहरी व्यबस्थापन सम्बन्धि आवश्यक निर्णय गर्न एघारौं नगर सभा समक्ष पेश गर्ने ।

निर्णय नं. ८: भूउपयोग ऐन, २०७६ को दफा १८ बमोजिमको स्थानीय भूउपयोग परिषद गठन गर्ने।

**निर्णय** नं. ९: मिति २०७९/०३/१५ गते बसेको शुक्लाफाँटा नगरपालिका नगर शिक्षा समितिका निर्णयहरू अनुमोदन गर्ने ।

**निर्णय** नं. १०: नगर प्रमुखले प्रयोग गर्ने चार पाङ्ग्रे सवारी साधनलाई मासिक १७० लि. ईन्धन र प्रत्येक तिन महिनामा पाँच लिटर मोबिल, उपप्रमुखले प्रयोग गरने चार पाङ्ग्रे सवारी साधनलाई मासिक १५० लि. ईन्धन र प्रत्येक तिन महिनामा पाँच लिटर मोबिल र वडा अध्यक्षले प्रयोग गर्ने दुई पाङ्ग्रे सवारी साधनलाई मासिक २५ लि. ईन्धन र प्रत्येक तिन महिनामा एक लिटर मोबिल उपलब्ध गराउने व्यहोरा निर्णयार्थ एघारौं नगर सभामा पेश गर्ने ।

**निर्णय** नं. ११: यस शुक्लाफाँटा नगरपालिकाको आगामी आं. व. २०७८।०७९ को लागि तयार गरिएको नीति तथा कार्यक्रम संसोधन गरी स्वीकृतका लागि एघारौं नगर सभामा पेश गर्ने ।

**निर्णय** नं. १२: यस शुक्लाफाँटा नगरपालिकाको आ. व. २०७९।०८० का लागि आर्थिक विधेयक, २०७९ निर्णयार्थ एघारौं नगर सभामा पेश गर्ने ।

**निर्णय** नं. १३: यस शुक्लाफाँटा नगरपालिकाको आ. व. २०७९।०८० का लागि विनियोजन विधेयक, २०७९ स्वीकृतीका लागि एघारौं नगर सभामा पेश गर्ने ।

**निर्णय** नं. १४: आगामी आ. व. २०७८।०७९ को लागि आय र व्ययको तपसिल अनुसारको अनुमानित (वजेट) अनुमोदनको लागि एघारौं नगर सभामा पेश गर्ने ।